लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र सं.:- २०८३/०८४
च.नं.:-

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०५।२५)

श्री लुम्बिनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरु सबै ।

विषय :- उच्च शिक्षा छात्रवृत्ति सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा आ.व. २०८३/०८४ को यस निर्देशनालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेश भित्रका सामुदायिक क्याम्पसहरुमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीका लागि देहाय बमोजिम विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामुदायिक क्याम्पसहरुले छात्रवृत्ति प्राप्त गर्ने आवश्यक आधार र प्रमाण खुल्ने कागजातहरु सहित विद्यार्थीहरुबाट निवेदन माग गरी प्राप्त निवेदन र अन्य आवश्यक कागजात सहित देहायका मध्ये कुन प्रकारको छात्रवृत्ति प्राप्त गर्ने हो यकिन गरी प्रमाणित एकमुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा आइपुग्ने गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । एकमुष्ट विवरण प्राप्त भए पश्चात् छात्रवृत्तिको वितरण प्रक्रिया उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका २०७६, (तेस्रो संशोधन २०७९ समेत) बमोजिम हुनेछ ।

सामुदायिक क्याम्पसमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई उपलब्ध हुने छात्रवृत्ति विवरण

क) दलित विद्यार्थी छात्रवृत्ति
ख) जनजाति विद्यार्थी छात्रवृत्ति
ग) महिला विद्यार्थी छात्रवृत्ति
घ) मधेशी विद्यार्थी छात्रवृत्ति
ङ) मुस्लिम विद्यार्थी छात्रवृत्ति
च) द्वन्द्व पीडित विद्यार्थी छात्रवृत्ति
छ) अपाङ्ग विद्यार्थी छात्रवृत्ति
ज) वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्ति
झ) सिमान्तकृत एवं अल्प सङ्ख्यक विद्यार्थी छात्रवृत्ति

छात्रवृत्ति प्राप्त गर्ने आधार तथा पेश गर्नुपर्ने कागजातहरु

१. विद्यार्थीको निवेदन
२. दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत भएको हुनुपर्ने र दलित भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. जनजाति छात्रवृत्तिको लागि जनजातिको सूचिमा सूचिकृत जनजाति हुनुपर्नेछ र जनजाति भएको प्रमाणपत्रको प्रतिलिपि ।
४. अपाङ्ग छात्रवृत्तिका लागि क, ख, ग, घ श्रेणीको अपाङ्ग परिचयपत्रको प्रतिलिपि ।
५. द्वन्द पीडित र वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्तिको लागि द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट मृत्यु भएका तथा द्वन्द्वको क्रममा पचास प्रतिशत भन्दा बढी अपाङ्ग, अङ्ग भङ्ग भएका वा घाइते वा वेपत्ता भएका व्यक्तिहरुको तत्कालिन शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा निर्धारण गरिएका व्यक्तिका सन्तति हुनुपर्नेछ । द्वन्द्व पीडित छात्रवृत्तिका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी भएको द्वन्द्व प्रभावित भएको प्रमाणपत्रको प्रतिलिपि ।
६. सहिदका छोराछोरीको लागि नेपाल सरकारबाट सहिद घोषणा गरिएका व्यक्तिका सन्तति हुनुपर्ने र सोको प्रमाणपत्रको प्रतिलिपि ।

७. अल्पसंख्यक छात्रवृत्तिका लागि नेपाल सरकारको अल्पसंख्यक जातिको सूचिमा सूचिकृत भएका जातजातिका सन्तान हुनुपर्ने र सोको प्रमाणपत्रको प्रतिलिपि।

८. मधेशी विद्यार्थी छात्रवृत्तिका लागि मधेशी भएको प्रमाणित प्रमाण पेश गर्नुपर्ने।

९. क्याम्पसमा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित क्याम्पसको सिफारिस

१०. अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको बेहोराको सम्बन्धित क्याम्पसको सिफारिस पत्र

११. उमेरको हद ३० वर्ष ननाघेको हुनुपर्ने। (नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने)

१२. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

३०८/३/०८/२८

(हरिलाल अर्याल)

नि. महानिर्देशक

नि. महानिर्देशक

बोधार्थ:

श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै: सम्बन्धित जिल्ला भित्रका क्याम्पसहरुलाई सूचना प्रवाह गरी माथि उल्लिखित सम्पूर्ण कागजातहरु **सावधानी पूर्वक रुजु गरी** क्याम्पसगत विद्यार्थी विवरणको प्रमाणित कपी तथा विद्युतीय (Excel) प्रतिको एकमुष्ट विवरण तयार गरेर, प्रमाणित गरी प्रमाणित कपी तथा विद्युतीय (Excel) प्रति समेत नेपाली Unicode font मा ७ दिन भित्र यस निर्देशनालयमा पठाइदिनुहुन।। (क्याम्पसले तयार गरेको Excel लाई एकिकृत गरी डिभिजन कार्यालयले Excel तयार गर्ने)

सम्पर्क:

१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके -सम्पर्क नं. ९८५८०८०२८१

२. दाङ र रुकुमपूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय,तुल्सीपुर, दाङ- सम्पर्क नं. ९८५७८२५२४६

३. प्यूठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्यूठान -सम्पर्क नं. ९८५७८६०१४३

४. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा -सम्पर्क नं. ९८५७०६४०७०

५. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु -सम्पर्क नं. ९८५७०५००१३

६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देही-सम्पर्क नं. ९८५७०७७६२०

उच्च शिक्षा छात्रवृत्तीको लागि निवेदन पेश गर्ने [illegible]को विवरण

क्र.सं.	क्याम्पसको नाम ठेगाना	छात्रवृत्तिको प्रकार (निवेदन पेश [illegible] विद्यार्थीको संख्या)							कैफियत
		सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको लागि							
		निवेदन दिएको समूह (दलित, जनजाती, महिला, अपाङ्ग, मधेसी, मुस्लिम द्वन्द पिडित, सिमान्तकृत, अल्पसंख्यक, वेपत्ता पारिएका तथा शहिद परिवार)	विद्यार्थीको नाम				विद्यार्थीको		
			नेपालीमा	अंग्रेजीमा (बैङ्क खातामा भएको)	बैङ्कको नाम	खाता नं.	बैङ्कको नाम	खाता नं.	

तयार पार्ने:

रुजु गर्ने:

प्रमाणित गर्ने

नि. महानिर्देशक